**प्रश्न नं. २३**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्वितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत**

अन्तर्गत फौजदारी मुद्दाको विवरण:

(कक्षा रोल्नं.२६८४ देखि २८०५ सम्मका विद्यार्थीहरुका लागी मात्र)

हरी लामिछानेको जाहेरीले नेपाल सरकार

विरुद्ध

का.जि.तार्केश्वर न.पा. वडा नं. ५ बस्ने गोविन्दवहादुर थापा तथा ऐ ऐ बस्ने राजेश खत्री

मुद्दा: ज्यान सम्बन्धी कसूर

१. मिति २०७६।०८।०४ गते राती राजेश खत्री समेतको मिलेमतोवाट गोविन्दवहादुर थापाले भाई **अर्जुन कुमार लामिछाने**लाई गोली हानी हत्या गरेकोले निजहरूलाई पक्राउ गरी कानूनवमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको हरी लामिछानेको जाहेरी दरखास्त ।

२. का.जि.तार्केश्वर न.पा. वडा नं. ५ स्थित पूर्व हरिकृण्णको घर, उत्तर सडक, दक्षिण सडक, पश्चिम भौकाजीको घर यति चरा किल्ला भित्र सडकको छेउ वायां आँखा र नाक नजिक गोली लागेको जस्तो घाउ भएको, टाउकोमा टुप्पीको भाग देखि वायां तर्फ करीव १ इन्च गोलो गहिराई अनुमान गर्न नसकिने घाउ भएको भन्ने समेत व्यहोराको घटना स्थल तथा लाश जांच प्रकृति मुचुल्का ।

३. मिति २०७६।०८।०४ गतेका दिन लक्ष्मण अधिकारी, भरत आचार्य मृतक अर्जुन लामिछाने र म समेत वसी रहेको वखत गोविन्द बहादुर थापा र राजेश खत्रीको मोटरसाइकलमा चढी म समेत वसेको ठाउँमा आई मलाई किन हल्ला गरेको भनी समाती पसल नजिक खम्वा नेर पुऱ्याई छुट्याउन भनी अर्जुन लामिछाने र भरत आचार्य आएकोमा गोविन्द बहादुर थापाले अर्जुन कुमार लामिछानेलाई गोली हानेको हो भन्ने समेत व्यहोराको वद्री के.सी.को मौकाको घटना विवरण कागज ।

४. मिति २०७६।०८।०४ गतेका दिन राजेश खत्रीको घरमा भएको पसलमा वसी वद्री के.सी., लक्ष्मण अधिकारी, अर्जुन कुमार लामिछाने समेत भै रक्सी खाई गफ गरिहेका थियौ राति भैसकेको रहेछ । वद्री के.सी. लाई किन होहल्ला गरेको भनी समाती वाहिर ल्याई कुटपीट गर्न थालेकोले म समेतले छुट्याउन जाँदां गोविन्द बहादुर थापाले अर्जुन कुमार लामिछानेलाई गोली हानेका हुन । गोली लागे पछि अर्जुन कुमार लामिछाने ढले राजेश खत्री समेत आई निज घाइते अर्जुन लामिछानेलाई उपचारको लागि अस्पताल लगेकोमा मृत्यु भएको हो । गोविन्द वहादुर थापाले हानेको गोली लागि अर्जुनको मृत्यु भएको हो । राजेश खत्रीको मिलोमतो छ, छैन थाहा छैन भन्ने समेत भरत आचार्यले मौकामा गरेको कागज ।

५. Cause of death rifled firearm wound to the head भन्ने व्यहोराको शव परीक्षण प्रतिवेदन ।

६. मिति २०७६।०८।०४ गतेका दिन पहिला देखि चिनजानका साथी राजेश खत्री समेत भै मादक पदार्थ वियर खाएर म शाही नेपाली सेनाको नोकरी गर्ने हुदा राजेश खत्रीवाट छुट्टिई डयूटीमा गएँ । राजेशको र मेरो घर एउटै वाटो भै जानुपर्ने हामी वल्लो पल्लो गाउँको मानिस भएको र ड्युटी सकेर घर फर्कने क्रममा पुनः राजेश खत्रीसंग भेट भै मादक पदार्थ सेवन गरी राजेशको

मोटरसाइकलमा संगै गै राजेशको घरमा पुगे पछि मोटरसाइकलवाट उत्री म सुर्ति किन्न गएको ठाँउमा चिनेका वद्री के.सी. रहेछन निजलाई किन हो हल्ला गरेको भनी वाहिर तानी ल्याएकोमा सो ठाउँमा अन्य दुइ जना किन यसो गरेको भनी मलाई समात्न आएकोले नसाको सुरमा मलाई तत्काल रिस उठी मसंग भएको रिभल्वरवाट गोली फायर गर्दा अर्जुन कुमार लामिछाने भन्ने व्यक्तिलाई लागि निजको मृत्यु भएको हो । निजको हत्या म एक्लैले गरेको हुँदा राजेश खत्रीलाई मसंग हतियार रिभल्वर भएको कुरा पनि थाहा छैन, हत्यामा निजको कुनै किसिमको संलग्नता छैन भनी प्रतिवादी गोविन्द वहादुर थापाले अपराध स्वीकार गरी मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

७. मिति २०७६।०८।०४ का दिन चिनाजानका गोविन्दवहादुर थापासंग वालाजु माछा पोखरीमा भेट भै वियर समेत खायौं । वियर खाइ सकेपछि निज शाही नेपाली सेनाको मानिस भएकोले डयूटीमा गए । ड्यूटी सकी घर फर्कने क्रममा पुनः भेट भयो । घर वरपर पर्ने हुदाँ हामीहरू चारजना वसी रक्सी र अन्य खानेकुरा खाई घर जान भनी मेरो मोटरसाइकलमा दुवै जना गयौं । मेरो घरमा पुगेपछि गोविन्द कार्कीको घर जानु पर्ने हुदा निजलाई मोटरसाइकलवाट उतारी म मोटरसाइकल थन्क्याउन तिर लागेको वेला गोली पड्केको आवाज आयो । वरपरका मानिस समेत भेला जम्मा भएका रहेछन । घटनास्थलमा जाँदा मेरो घरको कोठा भाडामा लिई पसल गरी वसेका अर्जुन लामिछानेलाई गोली लागि घाइते भएका रहेछन । गोली प्रहार गर्ने गोविन्द बहादुर थापा नै रहेछन । घाइतेलाई म समेतले उपचारको लागि गाडीमा हाली लगेकोमा अर्जुन कुमार लामिछानेको गोली लागेको कारणवाट मृत्यु भएको हो । अर्जुनलाई गोविन्दले मादक पदार्थ सेवन गरेको नसाको सुरमा गोली हानेको हो जस्तो लाग्छ अन्य रीस इवी भएको मलाई थाहा छैन भन्ने समेत व्यहोराको राजेश खत्रीले मौकामा गरेको वयान कागज ।

८. मिति २०७६।०८।०४ गते मेरो भाई अर्जुन कुमार लामिछानेलाई गोविन्द बहादुर थापाले गोली प्रहार गरेको कारणवाट अर्जुन कुमार लामिछानेको मृत्यु भएको हो । राजेश खत्रीको संलग्नता छैन । अनुसन्धानवाट जे खुल्दछ सोही वमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको जाहेरवाला शिवप्रसाद लामिछानेले गरेको वयान ।

९. मिति २०७६।०८।०४ गतेका दिन मेरा दाजु अर्जुन कुमार लामिछानेलाई गोविन्दवहादुर थापाले गोली हानी हत्या गरेको हो । राजेश खत्रीले गोली हान्न लगाएको होइन राजेश खत्रीले गोविन्दवहादुर थापालाई चिनेको हुदाँ आफ्नो मोटरसाइकलमा घर सम्म पुऱ्याएको भन्ने पछि थाहा पाएको हुँ भन्ने मृतकका भाई सशि लामिछानेले मौकामा गरेको कागज ।

१०. यसमा अनुसन्धानको सिलसिलामा मिसिल संलग्न कागजातहरू अध्ययन गरि हेर्दा शाही नेपाली सेनाका वहालवाला सैनिक कर्मचारी प्रतिवादी गोविन्दवहादुर थापाले वद्री के.सी. समेतको वाद विवादको सिलसिलामा झगडा छुट्टयाउन भनि आएका अर्जुन कुमार लामिछानेलाई आफ्नो साथमा रहेको रिभल्वरद्वारा गोली चलाई कर्तव्य गरी मारेको वारदात सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी गोविन्द वहादुर थापालाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को २०७४ को दफा १७७(१) को कसूर गरेकोले ऐ ऐ को दफा १७७(२) बमोजिम सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको मागदावी लिई पेश भएको अभियोग पत्र ।

११. प्रतिवादीहरुको अदालतको बयान

१२. जाहेरवालको तथा घटना विवरण कागज गर्ने व्यक्तिहरुको बकपत्र, प्रतिवादीको साक्षीको बकपत्र

**प्रश्न नं. २३**

१३. शुरु काठमाण्डौं जिल्ला अदालतको फैसला
१४. श्री उच्च अदालत पाटनमा पेश भएको पुनरावेदनपत्र